# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८०/८/२० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | ईश्वरचन्द्र मरहट्टा, रामकुमार श्रेष्ठ र ओमराज ढुङ्गाना फैसला मिति २०८०।११।२२ (०७९-CR-०१०४) | सडकबिना पुल निर्माण गरी भ्रष्टाचार गरेको। | **क. <u>प्रतिवादी ईश्वरचन्द्र मरहट्टाको हकमा</u>-**<br>(क)<br>भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा ३(१) र दफा ३(१)(झ) बमोजिम; पुलको सर्भे तथा डिजाईनतर्फ रू.५,७१,७८०/- र पुल निर्माणतर्फ रू.५,३९,८०,८९१/५४ गरी रू.५,४५,५२,६७१/५४ बिगो कायम गरी कैद र जरिवाना हुन साथै सोही ऐनको दफा १७ बमोजिम उक्त बिगो रकम निजबाट असुल उपर हुन।<br><br><u>प्रतिवादी रामकुमार</u> | **फैसला-**<br>सम्पूर्ण प्रतिवादीहरूले सफाइ पाउने।<br>**सफाइ दिँदाका आधार-**<br>क) -पुल निर्माणको कार्य सम्पन्न भई कार्यान्वयनमा गएको देखिँदा प्रतिवादीहरूले बदनियतपूर्ण तवरले कार्य गरेको नदेखिएको।<br>ख) अत्यधिक माग भएको योजनाको सर्भेक्षण गरी सो कार्यबाट feasible देखिएमा विधिवत् रूपमा त्यस्ता ठाउँमा योजना छनौट गरिनु सरकारको नीतिगत विषयभित्र पर्ने कुरा रहेको।<br>ग) Nepal Trail Bridge Record मा जरेवर स्थित झोलुङ्गे पुललाई Main Trail भनेर उल्लेख भएको तथा उक्त Record अनुसार सन् १९८९ मा शुरू भइ १९९० मा निर्माण सम्पन्न भएको, बनाईएको पुल स्थानीय जनतालाई आवश्यक थियो भनी यी प्रतिवादीहरू र विभागीय मन्त्री रामशरण बस्नेतले आयोग र अदालत समक्ष बयान गरेको र | क. गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास निर्देशनालय अन्तर्गत गोरखा जिल्ला स्थित पूर्वाधार कार्यालयबाट जरेवर स्थित दरौंदी खोलामा निर्माण भएको ५० मि. पक्की पुल बाटो नभएको स्थानमा रु पाँच करोडको लगानीमा निर्माण गरी रकम दुरुपयोग गरेको भन्ने तथ्य रहेको प्रस्तुत मुद्दामा मिति २०७९।४।२० गतेको स्थलगत सर्जमिन मुचुल्काको व्यहोराबाट दरौदी खोलामा जरेवर पुलको निर्माण सम्बन्धमा मुलतः डिजाईन अनुसारको पहुँचमार्ग बनाउने स्थानमा निजी खेतहरूमा वाली लगाईएको र देब्रेतर्फको एबुटमेन्ट सँगै रातो ढुङ्गाको सामुदायिक वन अन्तर्गत पहरा रहेको, खेतका जग्गाधनीहरूले डिजाईन अनुसार सडक निर्माण गर्न जग्गा नदिने भएको, सामान्य ग्रेडको स्लोपमा पहुँच मार्ग बन्ने सम्भावना कम रहेकोले पूर्ण रूपमा सवारी साधन सञ्चालनमा आउन सक्ने देखिएन भनी उल्लेख भएको पाइन्छ। त्यसैगरी डिभिजन वन कार्यालय, गोरखाको मिति २०७९/४/३१ को प्रतिवेदन सहित प्राप्त जरेवर पुलको डिजाइन बमोजिमको पहुँच मार्गमा रातोढुङ्गा गोलपोले सामुदायिक वनक्षेत्र रहेको र उक्त निर्माणाधीन पुलसम्मको वनक्षेत्रमा मोटरेवल पहुँच मार्ग बनाउन उक्त सामुदायिक वन उपभोक्ता समूहको मौखिक तथा लिखित स्वीकृति दिएको नदेखिएको भन्ने व्यहोरा रहेको समेतका आधारमा उक्त पुल बनाउने स्थानमा सडकको पहुँच मार्ग नरहेको तथ्यमा स्थापित भएको देखिन्छ।<br>ख. मिति २०७६/२/१ को भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिव स्तरीय निर्णय केवल दुई तहबाट मात्र सम्पन्न भएको पाईएको जसमा निमित्त निर्देशक रामकुमार श्रेष्ठले ४ वटा पुलहरूको नाम परिवर्तन गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **<u>श्रेष्ठको हकमा-</u>** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा ३(१) र दफा ३(१)(ङ) बमोजिम; राज्यको सम्पत्ति दुरूपयोग गरेको रू ५,७१,७८०/- बिगो कायम गरी कैद र जरिबाना हुन साथै सोही ऐनको दफा १७ बमोजिम उक्त बिगो रकम निजबाट असुल उपर हुन।<br><br>**<u>प्रतिवादी ओमराज ढुङ्गानाको हकमा-</u>** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८(३) बमोजिमको कसूरमा सोही ऐनको दफा ८(३) बमोजिम सजाय हुन। | उक्त बयानलाई समर्थन हुने गरी प्रतिवादीहरूका साक्षीहरूले बकपत्र गरेको देखिएको।<br>घ) योजना छनौट, तर्जुमा र स्वीकृतिका सबै चरण पुरा गरी स्थानीयको स्वेच्छाले जग्गा दिई पहुँच सडक निर्माण भई सवारी सञ्चालन भइरहेको भन्ने स्थानीय उपभोक्ताको बकपत्रबाट समर्थित। | प्रस्ताव राखी टिप्पणी पेश गर्दा सचिव स्तरबाट "हुन्छ" भनी सदर भएको देखिन्छ जुन निर्णयबाट परामर्शदातासँग मिति २०७६/१/२४ मा सम्झौता भए पश्चात् मिति २०७६/२/१ मा गरिएको पुलको नाम र स्थान परिवर्तनले निर्मित जरेवर पुल बिना योजना निर्माण हुन पुगेको प्रष्ट देखिन्छ।<br>ग. डिभिजन वन कार्यालय, गोरखाको मिति २०७९/९/१७ को पत्र व्यहोरा अनुसार दरौदी नदी जरेवर पक्की पुल निर्माण भएको पुलको देब्रे तर्फको पहुँच मार्गमा रहेको रातोढुङ्गा गोलपोले सामुदायिक वन उपभोक्ता समूहको खण्ड नं ४ को वन क्षेत्रमा वाटो विस्तार गरी चौडाई ६ मिटर, लम्बाई ७१ मिटर वाटो निर्माण गरी ०.१ हेक्टर वन क्षेत्र तथा सो स्थानमा रहेको बोटविरूवा झाडी बुट्यान हानि नोक्सानी गरेको कारणले वनसम्बन्धी कसूरको छानविन गर्न डिभिजन वन कार्यालय, गोरखाबाट अनुसन्धान अधिकृत तोकी अनुसन्धान भइरहेको अवस्थामा जरेवर पुलको एकपट्टिको भागमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान शुरु गरेकै अवस्थामा पूर्वाधार विकास कार्यालयले पहुँचमार्ग खुलाउने कार्य भएको हुँदा निज प्रतिवादीहरूको बदनियत छर्लङ्ग हुने तथा भ्रष्टाचारको कसुरमा बदनियत तत्त्व कसुरदारले गरेको कार्य (action) बाटै पहिचान हुने अवस्थामा प्रतिवादीहरूलाई सफाइ दिने अदालतको फैसला बदरभागी छ।<br>घ. अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा डिभिजन वन कार्यालय, गोरखाबाट भएको स्थलगत निरीक्षण प्रतिवेदन तथा प्रतिवादीहरूको बयान कागजबाट उक्त स्थानमा रहेको झोलुङ्गे पुलको प्रयोगकर्ता गोरखा नगरपालिका वडा नं ३ का बासिन्दा जसका खेत/जग्गा खोला पारी रहेकाहरू नै रहेको र उक्त पक्की पुल निर्माण भएमा खेतबाट हुने उब्जनी ओसारपसार गर्नसम्म सहज हुने र जग्गाको मूल्याङ्कन बढ्ने भन्ने उल्लेख भएबाट उक्त स्थानमा पुलको औचित्य पुष्टि नभई बदनियत पूर्वक उक्त पुल निर्माण योजनामा पारिएको स्पष्ट भएको पाइन्छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ङ. सडक ऐन, २०३१ को दफा २ मा सार्वजनिक सडक भन्नाले "कसैको निजी भोगचलनमा नरहेको सडक सम्झनुपर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे (causeway), कल्भर्ट, साइकल मार्ग र फुटपाथलाई समेत जनाउँछ" भनी उल्लेख गरेको पाइन्छ। यसै गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ३ ले समेत सामाजिक, वातावरणीय तथा भौगर्भिक दृष्टिकोणले उपयुक्त, सडकको अधिकार क्षेत्र स्पष्ट र जग्गा प्राप्तिको प्रकृया पुरा भैसकेको र पछि कार्यान्वयनमा जाँदा कुनै किसिमको वाधा अवरोध नआउने गरी सडक छनौट गर्नुपर्छ भन्ने व्यवस्था गरेको साथै सोही कार्यविधिको दफा ४ बमोजिम प्रादेशिक सडकको लागि सन्तुलन तथा सामाजिक न्याय समेतको आधार लिनुपर्ने भन्ने प्रावधानले सार्वजनिक सडकमा मात्र पुल परिकल्पना गर्नुको साथै सडक छनौटको विधि निर्दिष्ट गरेकोले छनौट भएको सडकको उपयुक्तता तथा प्राथमिकता, पुलको पहुँच मार्गको सम्भाव्यताको सुनिश्चितताका आधारमा मात्र पुलको निर्माण कार्य सञ्चालन हुनुपर्ने कानूनी प्रावधान रहेकोमा सो बिना उक्त पुल निर्माण भएको पाइनुले विधिसम्मत रूपमा पुल निर्माण नभएको पुष्टि भएको छ।<br>च. यसरी, कुनै निश्चित क्षेत्रभित्र कस्ता पूर्वाधार संरचना निर्माण गर्ने, निर्माण गरिने सार्वजनिक पूर्वाधारको संरचना कुन किसिम र स्तरको हुने भन्ने कुराको योजना र कार्यक्रम बनेर मात्र सार्वजनिक पूर्वाधारको निर्माण प्रकृया थालिनुपर्छ। त्यस्तो योजना र कार्यक्रम बनाउँदा प्रयोजनमूलक हुनुपर्छ भन्ने कुरामा दुईमत हुन सक्दैन। अब गोरखा जिल्लाको जरेवर स्थित दरौंदी नदीमाथि बनेको पुल निर्माण प्रयोजनमूलक छ/छैन भनी हेर्दा पैदल यात्रीलाई नदी पार गर्न जरेवर पुलको ५६ मिटर तल झोलुङ्गे पुल रहेको र दरौदी नदी माथि बनाइएको जरेवर पुल मोटर गुड्ने पुल रहेको भए पनि सो पुलको दुबै तर्फ सडकले छोएको छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भन्ने कुरा स्थलगत मुचुल्कासमेतबाट प्रष्ट हुन्छ। यसरी मुलुकको राजश्व खर्च गरेर सडक पुल जस्तो सार्वजनिक पूर्वाधार निर्माण गर्दा प्रयोजनमूलक तवरमा गरिनु पर्ने र निर्माण सम्पन्न हुनासाथ त्यस्को प्रयोग तुरून्त हुन सक्नुपर्नेमा बनिसकेको पुल कहिले पुल जोड्ने सडक बन्ला भनेर पर्खाइमा विना प्रयोजन रहनुपर्ने अवस्था देखिएवाट औचित्यहीनको पुल निर्माणले राज्यको सम्पत्तिको चरम दुरूपयोग हुनुले नै प्रतिवादीहरूको बदनियत पुष्टि भएको छ।<br>छ. आ.व. २०७६/०७७ को प्रदेश सरकार, गण्डकी प्रदेशको बार्षिक विकास कार्यक्रम पुस्तिका हेर्दा, जरेवर पुल निर्माण कार्य गर्न सचिव ईश्वरचन्द्र मरहट्टाले मन्त्रालय स्तरबाट उक्त पुल छनौट गरी कार्यक्रम तयार गरी/गराई स्वीकृतिको लागि प्रदेश सभामा पेश गरेको, जरेवर पुल तत्काल प्राथमिकतामा र आवश्यकताको आधारमा नपर्ने व्यहोरा लुकाई छिपाई बदनियत पूर्वक कार्यक्रममा पारेको देखिन्छ। यसैगरी पुल निर्माण कार्यान्वयन गर्ने निकाय पूर्वाधार विकास कार्यालय, गोरखाका कार्यालय प्रमुख ओमराज ढुङ्गानाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान भईरहेको अवस्थामा पुल Design, Drawing मा यकिन गरे बमोजिम बाटो रहेको देखाउन जवर्जस्ती कानुन विपरीत सामुदायिक वन क्षेत्रमा ट्र्याक खोल्ने कार्य गरेको डिभिजन वन कार्यालय, गोरखाको प्रतिवेदनबाट पनि पुष्टि भएको पाइन्छ।<br>ज. परामर्शदाता सागरप्रसाद मुल्मीको बकपत्रको जवाफ २४ मा जरेवर पुलसम्म सडक नरहेको बरु केही पर (५० मि.) नजिकैको झोलुङ्गे पुलसम्म सडक रहेको भनेका छन्। यसरी उक्त पुल भएको स्थानमा पहुँचमार्ग नरहेको तथ्यमा अदालत विश्वस्त नरहनुपर्ने कुनै कारण देखिँदैन। त्यसैगरी अजयकुमार श्रेष्ठको बकपत्रको जवाफ नं २० र २२ अनुसार पुल निर्माण भएपछि पहुँचमार्ग निर्माण भएको खुल्छ। यसरी सडक नै नभएको स्थानमा पुल बनाई राजश्वको अपव्यव भएको अवस्था छ। छेमबहादुर तामाङको बकपत्रको जवाफ १६ र १८ मा उक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पुलको पूर्वी किनारामा जङ्गल र पश्चिम किनारामा धानबाली रहेको लेखाएका छन्।<br>झ. प्रतिवादी ईश्वरचन्द्र मरहट्टाको अदालतको बयानको जवाफ १० मा पहिलादेखि नै सडक रहेको लेखाए तापनि जवाफ २० मा सडक पुल निर्माण गर्ने चरणमा पुलको बायाँ किनारामा वन रहेको कुरा आफूलाई थाहा नभएको भनी विरोधाभाषपूर्ण बयान गर्नुभएको पाइन्छ। त्यसैगरी प्रतिवादी रामकुमार श्रेष्ठले अदालतमा भएको बयानको जवाफ २२ मा विवादित पुल र झोलुङ्गे पुल करीब ५० मि तल रहेको र उक्त जरेवर झोलुङ्गे पुल Main Trail रहेको भनी लेखाउनु भएको कारणले र झोलुङ्गे पुल र विवादित पुलबीचको ५० मि. दूरी रहनुले सोही स्थानमा सडक पुल निर्माण हुनुपर्ने औचित्य पुष्टि हुँदैन।<br>ञ. अतः माथि विवेचित तथ्य आधार प्रमाणहरू समेतबाट प्रतिवादीहरू ईश्वरचन्द्र मरहट्टा, रामकुमार श्रेष्ठ र ओमराज ढुङ्गानाले दरौदी नदीमाथि निर्मित जरेवर पुल निर्माणको क्रममा सडक ऐन,२०३१, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ समेतको कानूनी प्रावधान विपरीत पुल निर्माणको छनौट गर्दा पहुँच मार्गको सुनिश्चितता, सडकको उपयुक्तता, प्राथमिकताको सुनिश्चितता बिना नै जरेवर पुल निर्माणार्थ कुल लागत निर्माणतर्फ रू. ५,३९,८०,८९१/५४ र सर्भे तथा डिजाईनतर्फ रू. ५,७१,७८०/-(अक्षरेपी पाँचलाख एकहत्तरहजार सातसय असी रूपैयाँमात्र) को औचित्यहीन खर्च भई सार्बजनिक सम्पत्तिको हानि नोक्सानी हुन गई भ्रष्टाचार गरेको पुष्टि हुँदाहुँदै विशेष अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई भएको फैसला बदरभागी रहेको। |